बैठक संख्याः

मितिः२०८२/१२/०८

समयः दिउसो २ बजे

स्थानः खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

आज मिति २०८२/१२/०८ गते आइतबारको दिन दिउसो २ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | [signature] |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | [signature] |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १७ | दिप कुमार बस्नेत | ईन्जिनियर | |

१. केरोक गुम्बा मर्मत/निर्माण सम्पन्न
२. उक्त नाका पासमा साइनपोल निर्माण
३. खोक्लामा ब्याट्री चार्जिङ स्टेशन निर्माण
४. खोकमाला पासाको बाटो निर्माण

**निर्णय नं. २**

खुम्बु पासाङल्हामु गाउँपालिकाको आगामी आ.व. मा प्रदेश समपूरक अनुदान अन्तर्गत देहाय अनुसारका बहुवर्षीय योजना माग गर्ने ।

क) छिम दोर्जी शेर्पा पर्यटन सडक (खरिखोला-थामडाँडा-सुर्के) स्तरोन्नती रु. १,०००००००००।००
ख) नाम्चे खानेपानी आयोजना निर्माण रु. ५,००००००००।००

**निर्णय नं. ३**

चालु आ.व. को योजना अन्तर्गत छिम दोर्जी शेर्पा पर्यटन सडकको स्तरोन्नति तथा सुर्के देखि चौंरीखर्क तथा लुक्ला सम्म ट्र्याक ओपन गर्ने कार्य समेत ठेक्का सम्झौता भई कार्यान्वयनको अवस्थामा रहेको हुँदा उक्त योजनाको प्रभावकारी कार्यन्वयन गर्न उक्त योजनाको कन्टेन्जेन्सीबाट सेवा सुविधा भुक्तानी दिने गरी एकजना सातौं तहको इन्जिनियर (सिभिल) पदको अस्थायी दरबन्दी स्वीकृत गरी पदपूर्तिको प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ४**

गाउँपालिकाले हरेक वर्ष छपाई गर्ने गरेको स्थानीय सरकार सञ्चालन पात्रो आगामी वर्ष २०८३ को लागि ३००० प्रति छपाई गरने र सो को लागि आवश्यक बजेट चालु आ.व. मा पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने गरी लागत अनुमान तयार गरी प्रक्रिया सुरु गर्ने ।

**निर्णय नं. ५**

खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा योजना निर्माण गर्नका लागि देहाय अनुसारको समिति गठन गर्ने ।

क) श्री मिङमा छिरी शेर्पा – संयोजक

ख) श्री नवराज गौतम- प्रमुख प्रशासकीय अधिकृत-सदस्य

ग) श्री ल्हाक्पा गेल्जेन शेर्पा- संयोजक, विधायन समिति-सदस्य

घ) श्री ल्हाक्पा छिरी शेर्पा- संयोजक सामाजिक विकास समिति-सदस्य

ङ) श्री वडा शिक्षा समितिका संयोजक ५ जना-सदस्य

च) प्र अ श्री खरिखोला मा वि -सदस्य

छ) प्रधानाध्यापक श्री महेन्द्रज्योति मा वि -सदस्य

ज) प्रधानाध्यापक श्री खुम्जुङ मा वि -सदस्य

झ) श्री इश्वरमान राई- हिमालयन ट्रष्ट नेपाल- सदस्य

ञ) श्री सपना राई प्र.अ., पेमाछोलिङ आ वि, घाट सदस्य

ट) श्री सुजन कुमार बुढाथोकी, प्रशासकीय अधिकृत/शिक्षा शाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं. ६**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भएका फुरा दिकी शेर्पाले सगरमाथा र ल्होत्से हिमाल आरोहणको लागि आर्थिक सहयोग माग गरी विस्तृत लागत अनुमान सहित निवेदन पेश गरेको हुँदा निजले पेस गरेको प्रस्तावनको आधारमा महिला सशक्तिकरण समेत हुने देखिएकाले निजलाई गाउँपालिका मुख्य प्रायोजकको रूपमा रहेन गरी रू १,००,०००।०० (एक लाख) चालु आ.व. मा विविध खर्च शिर्षक शीर्षकमा विनियोजन गरेको बजेटबाट उपलब्ध गराउने।

**निर्णय नं. ७**

आगामी आ.व. ०८३।०८४ का लागि देहाय अनुसारका योजना माग गरी सघन शहरी विकास तथा भवन आयोजना कार्यालय ओखलढुङ्गामा पत्राचार गर्ने।

क) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं २ लुक्ला एयरपोर्ट टोल देखि हाडिखोला सम्म बाटोमा ढुङ्गा बिछ्याउने, ढल निर्माण कार्यको लागि रु ५०,०००,००० (अक्षरुपी रु पाँच करोड)।

ख) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं २ लुक्लामा आवश्यक सामूदायिक भवन निर्माण कार्यको लागि रु ३०००००००(अक्षरुपी रु तीन करोड )।

ग) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं २ लुक्लामा हिमाली सहर र बसपार्क निर्माणको लागि रु २१०,०००,००० (अक्षरुपी रु एकाईस करोड )।

घ) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं ४ नाम्चे स्याङबोचे एयरपोर्ट सम्म जाने बाटो निर्माणको लागि ५०,०००,००० (अक्षरुपी रु पाँच करोड)।

**विविध**

क) वडा नं. १ बुक्सामा रहेको श्री बुक्सा आधारभूत विद्यालयले विद्यालयमा आवश्यक मनिटर सहित सिसि टिभी क्यामरा जडानको माग गरेको हुँदा कार्यालयले खरिद गरी विद्यालयमा जडान गर्ने।

ख) वडा नं. ४ मा रहेको सार्वजनिक शौचालयको सेफ्टि ट्याङ्की निर्माणका लागि प्राविधिक शाखाबाट तयार गरेको लागत अनुमान अनुसार चालु आ.व. मा सार्वजनिक शौचालय व्यवस्थापन शीर्षकमा विनियोजन बजेटबाट खर्च गर्ने।

ग) पहिरो र बाढीबाट क्षतिग्रस्त बाटो/पदमार्ग एवम् बस्ती संरक्षणको लागि तार जाली भरी निर्माण तथा रोकथाम गर्न ग्याबिन जाली कार्यक्रम आवश्यक भएकाले रू ५० लाखको तार जाली विपद् व्यवस्थापन कोषबाट खरिद गर्ने र सम्बन्धित वडाको सिफारिस तथा प्राविधिकको लागत अनुमान अनुसार वितरण गर्ने।

घ) मिति २०८१।०४।३२ गतेको बाढीबाट क्षतिग्रस्त थामे गाउँको सुरक्षाको लागि आवश्यक ग्याबिन जाली प्राविधिक शाखाबाट तयार गरेको लागत अनुमान स्वीकृत गर्ने र सो को खर्च विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने।

ङ) वडा नं. १ को कार्यालयबाट सोलार ब्याकअप खरिदको लागि माग गरेको हुँदा लागत अनुगमन तयार गरी खरिद प्रक्रिया अघि बढाउने।

च) वडा नं. २ का वडा सदस्य सृजना बराइली आर्थिक अवस्था अत्यन्त कमजोर रहेको साथै पूर्ण रूपमा बेडमा भएकाले निजको थप उपचारको लागि विपन्न नागरिक सहायता शीर्षकबाट रु ३ लाख उपलब्ध गराउने।

छ) वडा नं. २, लुक्लामा रहको केम्गुन गुम्बामा डुम्जी पर्वमा आवश्यक पर्ने सङ्गी (Snowlion) खरिद गर्नका लागि रू ४ लाख विविध खर्च शीर्षकबाट कार्यान्वयन गर्ने।

ज) नेपाल आदिवासी जनजाति महासंघले मिति ०८२।१२।०४ को पत्र मार्फत "नेपालका आदिवासी जनजातिहरूको भूमि, भू-परिधि र प्राकृतिक स्रोतहरूको नक्साङ्कन कार्यक्रम" परियोजना स्वीकृतिको लागि समाज कल्याण परिषद, पुल्चोकलाई सिफारिस उपलब्ध गराउने।

झ) खुम्बु पासाङल्हामु गउँपालिका वडा नं. १ मा सञ्चालित श्री मेरा आधारभूत विद्यालयमा प्रा.वि. (राहत) तृतीय तहमा मिति २०६४।०४।०१ गते देखि मिति २०८१।०७।२५ गते सम्म सेवारत रहनु भएका श्री

डिमा रिन्जी शेर्पाको स्वास्थ्य समस्या र शारीरिक अपाङ्गताका कारणले सेवा निरन्तरता गर्न नसक्नु भएकाले उँहालाई रु ३००००० (तीन लाख) मात्र "योगदानमा आधारित अपाङ्गता भएका व्यक्तिलाई सम्मान कार्यक्रम" शीर्षकबाट खर्च गर्ने ।

ञ) खुम्बु पासाङल्हामु गाउँपालिकाले चालु आ.व. मा कार्यान्वयनका लागि उपभोक्ता समितिसँग सम्झौता भई सकेका देहाय अनुसारका योजनाको म्याद २०८३ असार २० गते सम्मको लागि थप गर्ने ।

तपसिल

| क्र.सं. | योजनाको नाम | अन्तिम म्याद | स्थान |
|---|---|---|---|
| १ | पैंया देखि माथिल्लो थामडाँडा जाने पदमार्ग निर्माण | २०८२।१२।२९ | वडा नं. १, पैंया |
| २ | पैंया छेउबास पर्यटक पदमार्ग निर्माण | २०८२।१२।२९ | वडा नं. १, पैंया |
| ३ | पाङ्गोम स्वास्थ्य इकाइ व्यवस्थापन तथा कर्मचारी सुविधा | २०८२।१२।२९ | वडा नं. १, पाङ्गोम |

## कार्यपालिका बैठकका निर्णयहरू

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. को योजना कार्यान्वयनको प्रगतिको अवस्था देहाय अनुसार रहेको छ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा योजना | २९ | ३९ | ४० | ३३ | ३७ | १७८ |
| सर्भे नभएको | २ | | | | २ | ४ |
| लागत अनुमान तयार हुन बाँकी | १ | २ | | | ७ | १० |
| काम चालु रहेको | १० | १३ | २० | २१ | ७ | ७१ |
| लागत अनुमान तयार भई सम्झौता हुन बाँकी | | | | | ४ | ४ |
| सम्पन्न भई सकेको | ७ | ४ | ७ | २ | ५ | २५ |
| ठेक्का प्रकियामा रहेका | ५ | ७ | ३ | ३ | १० | २८ |
| कोटेशनबाट गर्ने | | ६ | | | | |
| प्रगति विवरण | ४४.२८% | २६.३१% | ३३.२५% | ३०.७१% | २७% | ३२.३१% |

- हाल सम्म ४१ वटा योजनाको कार्यान्वयन ठेक्का प्रक्रियाबाट अघि बढाइएको छ। जस अन्तर्गत २२ वटा योजनाको सम्झौता भई कार्यादेश समेत दिएको छ भने योजनाको ठेक्का मूल्याङ्कनको प्रक्रियामा रहेका योजनाहरूको यथाशीघ्र मूल्याङ्कन गरी कार्य सम्पन्न गराउने साथै हाल सम्म सुरु/सम्झौता/कार्यान्वयन प्रक्रिया बाँकी रहेका योजनाहरूको तत्काल कार्यान्वयन गर्ने। साथै देहाय अनुसारका योजनाहरू ठेक्का प्रकियाबाट सञ्चालन गर्ने भनिए तापनि ठेक्काको लागि सूचना प्रकाशन गर्दा कसैले पनि बिडिङ नगरेको र पुन सोही प्रक्रियाबाट योजना कार्यान्वयन गर्ने समय अभाव देखिएको साथै उच्च हिमाली क्षेत्रमा मौसमी रूपले छोटो समयमा कार्य सम्पन्न गर्नुपर्ने भएको हुँदा लाभग्राही/निर्माण उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने प्रक्रिया अघि बढाउने।